Panauti Journal
Volume 4, 2026
DOI: https://doi.org/10.3126/panauti.v4i01.98578 ISSN: 2990-7888 (Print) 2990-7896 (Online)

# पनौती कलाँती भूमिडाँडाको प्राकृतिक, सांस्कृतिक, धार्मिक, आर्थिक र पर्यटकीय अवस्थाको गुणात्मक अध्ययन

**प्रशुराम अधिकारी[१], माया अधिकारी[२]**

*१. सहायक प्राध्यापक, इन्द्रेश्वर क्याम्पस, पनौती*
*२. शिक्षक, काठमाडौँ युनिभर्सिटि हाइ स्कुल, पनौती*

## लेखसार

यो आलेख पनौती नगरपालिका, वडा नं. १२ स्थित कलाँती भूमिडाँडा क्षेत्रको प्राकृतिक, सांस्कृतिक, धार्मिक, आर्थिक र पर्यटकीय अवस्थाको गुणात्मक अध्ययनमा केन्द्रित छ । काठमाडौँदेखि करिब ३५ किलोमिटर दक्षिणपूर्वमा महाभारत पर्वत शृङ्खलाको काखमा अवस्थित यस क्षेत्रको बारेमा हालसम्म कुनै व्यवस्थित अनुसन्धानात्मक अभिलेख नरहेको र सामान्य जानकारीमूलक अभिलेख समेत २०८१ सालको बाढीमा नष्ट भएको पृष्ठभूमिमा यो अध्ययन गरिएको हो । अध्ययनका लागि स्थलगत अवलोकन र अर्धसंरचित अन्तर्वार्ता विधि प्रयोग गरी स्थानीय व्यवसायी, सामाजिक अगुवा र स्थायी बासिन्दा गरी सात जना सहभागीबाट प्राथमिक सामग्री सङ्कलन गरिएको छ भने विभिन्न प्रकाशित पुस्तक, जर्नल र नगरपालिकाका दस्तावेजलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ । प्राप्त सामग्रीलाई वर्णनात्मक तथा विषयगत ढाँचामा विश्लेषण गरिएको छ । अध्ययनले कलाँती भूमिडाँडा जमिन र खाद्य उत्पादनका दृष्टिले कमजोर भए पनि जल, वन र खानीजन्य स्रोतका हिसाबले धनी रहेको देखाएको छ । भालेश्वर शिवधाम, आदित्य मोक्षधाम र पाँच देवी मन्दिरहरूले यस क्षेत्रलाई धार्मिक हिसाबले महत्वपूर्ण बनाएको छ भने ब्राह्मण, क्षेत्री, तामाङ, गुरुङ, विश्वकर्मा र नेवार लगायतका जातिको सहअस्तित्वले सांस्कृतिक विविधता प्रदान गरेको पाइन्छ । आर्थिक रूपमा कृषि, पशुपालन र ढुङ्गा-क्रसर उद्योगमा निर्भर यस क्षेत्रमा पूर्वाधारको अभावका कारण धार्मिक, साहसिक र कृषि पर्यटनको प्रचुर सम्भावना अझै उपयोगमा आउन सकेको छैन । अध्ययनले स्थानीय सरकारले पूर्वाधार विकास, गुम्बा तथा मन्दिरहरूको संरक्षण र पर्यटन प्रवर्द्धनमा गुरुयोजना बनाई काम गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

**शव्दकुञ्जी:** कलाँती भूमिडाँडा, पनौती नगरपालिका, धार्मिक पर्यटन, जैविक विविधता, स्थानीय अर्थतन्त्र, गुणात्मक अध्ययन ।

| Manuscript Received | Accepted | Final Revision |
|---|---|---|
| 20 May, 2026 | 22 June, 2026 | 13 August, 2026 |

*P.R. Adhikari (parshu@kuhs.edu.np)
*M. Adhikari (maya@kuhs.edu.np)

© Authors; Published by Panauti Journal and peer-review under the responsibility of Indreshwor Campus.
Licensed under CREATIVE-COMMONS license CC-BY-NC 4.0

## विषय प्रवेश

काभ्रेपलाञ्चोक भूधरातलीय दृष्टिले महाभारत पर्वत शृङ्खला क्षेत्रको उतारचढावयुक्त स्थान हो । हाल धुलिखेल नगरपालिकामा रहेको काभ्रे मौजा (काभ्रे डाँडो) र पाँचखाल नगरपालिकामा रहेको पलाञ्चोक मौजा (पलाञ्चोक डाँडो) को नामबाट काभ्रेपलाञ्चोक जिल्लाको नाम रहेको भनिन्छ । तत्कालीन राजा महेन्द्रले २०१८ साल वैशाख १ गते नेपाललाई प्रशासनिक रूपमा १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपछि यो क्षेत्र बागमती अञ्चल काभ्रेपलाञ्चोक जिल्लाको रूपमा परिचित रह्यो । १३९६ वर्ग कि.मि. क्षेत्रफल भएको यस जिल्लाको वरिपरि ८ जिल्लासँग सिमाना जोडिएको छ (ज्ञानेश्वर भट्टराई, बृहत् ज्ञानकोश, २०६२) ।

२०७२ सालमा जारी वर्तमान संविधानअनुसार नेपाललाई ७ प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तहमा विभाजन गरी देशको पुनर्संरचना गरियो । तत्पश्चात् काभ्रेपलाञ्चोक जिल्ला बागमती प्रदेशअन्तर्गत १३ स्थानीय तहमा विभक्त भएको छ, जसमध्ये पनौती नगरपालिका पनि एक हो । काठमाडौं उपत्यकाबाट करिब ३२ कि.मि. टाढा रहेको पनौती प्राचीन सहर हो, यसैको नामबाट पनौती नगरपालिका नामकरण भएको हो (देवमाला वंशावली, २०७९) । २०७३ साल फागुन २७ गते साविक पनौती नगरपालिकामा रयाले, कुशादेवी, कलाँती भूमिडाँडा, बल्थली पूरै र शारदा बतासे तथा शङ्खुपाटीचौरका केही वडा जोडेर नगरपालिका पुनर्संरचित भयो (पनौती नगरपालिका, वार्षिक बजेट, नीति तथा कार्यक्रम २०८०/०८१) । यसरी गाभिएको तत्कालीन कलाँती भूमिडाँडा गा.वि.स. हाल पनौती नगरपालिका वडा नं. १२ का नामले चिनिन्छ ।

काठमाडौँदेखि करिब ३५ कि.मि. दक्षिणपूर्वी कुनामा अवस्थित यो वडा ऐतिहासिक र पौराणिक चिनारी बोकेको रोसी नदीको मुहान क्षेत्रमा पर्दछ । समुद्र सतहबाट १३०० देखि १८०० मिटरको उचाइमा रहेको यस क्षेत्रमा उपोष्ण-कटिबन्धीय हावापानी पाइन्छ र वार्षिक औसत १६०० मिलिमिटरसम्म मनसुनी वर्षा हुने गर्दछ । करिब ८०० घरधुरी र ५८०० जनसङ्ख्या रहेको यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, तामाङ, गुरुङ, विश्वकर्मा र नेवार लगायतका विभिन्न जातिका मानिसहरू बसोवास गर्दछन् । धार्मिक-सांस्कृतिक दृष्टिले भालेश्वर शिवधाम (अधिकारी र अधिकारी, २०२५) आदित्य मोक्षधाम र पाँच देवीका मन्दिरले यस क्षेत्रलाई विशिष्ट बनाएका छन् भने दुग्ध व्यवसाय, पशुपालन, वैदेशिक रोजगारी र कृषि श्रमबाट यहाँका बासिन्दा जीविकोपार्जन गर्दै आएका छन् । अतः यस आलेखमा कलाँती भूमिडाँडाका यिनै विभिन्न आयाम – प्राकृतिक, सांस्कृतिक, धार्मिक, आर्थिक र पर्यटकीय अवस्थाको केन्द्रीयतामा रहेर गुणात्मक अध्ययन गरिएको छ ।

## समस्या कथन

हालसम्म कलाँती भूमिडाँडाका बारेमा खोजमूलक लेखरचना प्रकाशित भएको देखिँदैन । वडा कार्यालयमा रहेका सामान्य जानकारीमूलक अभिलेखहरू समेत २०८१ साल असोजको बाढीमा परी नष्ट भएका छन् । तसर्थ यस आलेखमा तत् स्थानको बारेमा हालसम्म कुनै व्यवस्थित अभिलेख नहुनुको अभाव र त्यहाँको प्राकृतिक, धार्मिक, आर्थिक लगायत पर्यटकीय सम्भावना कस्तो छ भन्ने विषयलाई रैथाने दर्शनको केन्द्रीय दृष्टिकोणका आधारमा समस्याको रूपमा उठान गरिएको छ (श्रेष्ठ लक्ष्मण, २०२२) ।

## अध्ययनको उद्देश्य र अनुसन्धान विधि

कलाँती भूमिडाँडाका बारेमा लेखिएका अनुसन्धानात्मक अभिलेख नभेटिएकोले तत् स्थानका बारेमा संक्षिप्त जानकारी पस्किनु यस आलेखको पहिलो उद्देश्य हो । तत् स्थानलाई परिचित गराउनु र त्यहाँको बारेमा रहेको स्थानीय ज्ञान र प्राकृतिक, धार्मिक, सांस्कृतिक, आर्थिक र पर्यटकीय अवस्थाको अध्ययन गर्नु यस आलेखको मुख्य उद्देश्य हो । गुणात्मक ढाँचामा वर्णनात्मक अध्ययन विधि (qualitative research method) उपयोग गरी यो आलेख तयार पारिएको छ (Creswell and Creswell, २०१८) । प्राथमिक सामग्री सङ्कलनका लागि स्थलगत अवलोकन र अर्धसंरचित अन्तर्वार्ता विधि अपनाइएको छ । यस वडामा स्थायी रूपमा बसोवास गर्ने र विभिन्न पेसा-व्यवसायमा आबद्ध व्यक्तिहरूमध्येबाट उद्देश्यमूलक नमुना छनोट विधि (purposive sampling) प्रयोग गरी सात जना सहभागीलाई अध्ययनमा समावेश गरिएको छ । यस क्षेत्रका सात जना स्थानीय सहभागीहरूमा आर. थापा (स्थानीय व्यवसायी तथा स्थायी बासिन्दा), जे. के.सी (आर्थिक तथा सामाजिक गतिविधिसँग नजिकबाट जोडिएका बासिन्दा), एच. कर्माचार्य (क्षेत्रको भूगोल, धार्मिक स्थल र बस्तीसम्बन्धी जानकार), आर.सी. अधिकारी (वन, संस्कृति र सामाजिक अवस्थाका जानकार स्थायी बासिन्दा), बी.आर. तामाङ (स्थानीय समाजसेवी), बी. के.सी (स्थानीय व्यवसायी एवम् भालेश्वर मन्दिरका गुठियार परिवारका सदस्य) तथा आर. के.सी (उल्लिखित क्षेत्रका धार्मिक स्थल र पौराणिक सन्दर्भसम्बन्धी जानकार भएका स्थायी बासिन्दा) रहेका छन् । यसरी सङ्कलित अन्तर्वार्तालाई प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ भने द्वितीय स्रोतका रूपमा विभिन्न पत्रपत्रिका, अनलाइन जर्नल र नगरपालिकाका आधिकारिक दस्तावेजलाई उपयोग गरिएको छ । सात जना सहभागीबाट प्राप्त वर्णनहरूलाई अध्ययनको शीर्षकसँग मिल्ने गरी प्राकृतिक, सांस्कृतिक, धार्मिक, आर्थिक र पर्यटकीय गरी पाँच विषयगत (thematic) उपशीर्षकमा वर्गीकरण गरी वर्णनात्मक ढाँचामा विश्लेषण गरिएको छ ।

## अध्ययनको नतिजा र विश्लेषण

सात जना सहभागीबाट प्राप्त वर्णन (narration) हरूलाई अध्ययनको शीर्षकमा औंल्याइएका पाँच आयामका आधारमा विषयगत रूपमा वर्गीकरण गरी तल विश्लेषण गरिएको छ ।

### प्राकृतिक अवस्था

कलाँती भूमिडाँडा भूधरातलीय दृष्टिले महाभारत पर्वत शृङ्खलाको उतारचढावयुक्त क्षेत्र हो, जुन समुद्र सतहबाट १३०० देखि १८०० मिटरसम्मको उचाइमा फैलिएको छ । सहभागी ३ र सहभागी ७ का अनुसार यस क्षेत्रको अधिकांश भूभाग भिरालो, कडा चट्टान र वनपाखाले घेरिएको छ; फूलचोकी (करिब २७०० मिटर) र अमिलचौर (करिब १८००-१९०० मिटर) यहाँका सबैभन्दा अग्ला भूभाग हुन् । सहभागी १ र सहभागी ५ ले कलाँती, रोशी र विहावर गरी तीनओटा खोलाले यस क्षेत्रको भूगोललाई तीन खण्डमा विभाजन गरेको बताउँछन् । बाह्रै महिना बग्ने यी खोलाले सौन्दर्य त थपेका छन्, तर कहिलेकाहीँ बाढी-पहिरोका रूपमा जोखिम पनि निम्त्याउने गरेको सहभागी ६ को भनाइ छ, जसका अनुसार कलाँती भूमिडाँडा यहाँका तीन खोलाको बरदान र अभिशाप दुवै हुन् । वन्यजन्तु र वनस्पतिको विविधताका हिसाबले यहाँ बाघ, चितुवा, भालु, मृग, बँदेल, कालिज, स्याल, दुम्सीजस्ता जनावर र सल्लो, गुराँस, कट्टुस, चिलाउनेजस्ता रुख तथा जटामसी, निगुरो, ऐंसेलुजस्ता जडीबुटी पाइने कुरा सहभागी ३ र ४ ले उल्लेख गरेका छन् । तर सहभागी १ र २ ले हिउँदे डढेलो, वर्षे भूक्षय र अवैध चोरी-शिकारजस्ता समस्याले यहाँको जैविक विविधता जोखिममा परिरहेको चिन्ता व्यक्त गर्छन् । जमिन उर्वर नभए पनि जल र वनका दृष्टिले यो क्षेत्र धनी रहेको साझा निष्कर्ष सबै सहभागीको भनाइबाट देखिन्छ ।

## सांस्कृतिक अवस्था

जातीय विविधताका दृष्टिले कलाँती भूमिडाँडामा ब्राह्मण, क्षेत्री, तामाङ, गुरुङ, विश्वकर्मा र नेवार लगायत जातिको सहअस्तित्व रहेको सहभागी ४ र सहभागी २ ले बताएका छन् । सहभागी ४ का अनुसार पहाडमा रमाउने सरल स्वभावका तामाङ जातिको बसोवास यहाँ घना रहेको छ; प्रत्येक घरको आँगनमा लुङ्ता ( धार्मिक झन्डा) फर्फराइरहेको देख्न सकिन्छ भने अन्य जाति झुण्ड-झुण्डमा छरिएर बसेका छन् । यहाँका बासिन्दाले हिन्दु र बौद्ध दुवै संस्कार अपनाउने गरेको र क्षेत्री-बाहुनले दसैं, तिहार, देवाली पूजा गर्दा अन्य जातिले आआफ्नो परम्पराअनुसार चाडपर्व मनाउने गरेको सहभागी ४ बताउँछन् । यस्ता पर्वमा इष्टमित्र र दाजुभाइ-चेलीबेटी भेला भई सामूहिक खानपान गर्ने चलन रहेको उल्लेख गरिएको छ । सहभागी ७ ले धार्मिक पीठहरूमा पर्वअनुसार मादल बजाई रातभर जाग्राम बस्ने र भोलिपल्ट देवीलाई भाकल पूरा गर्न पूजाआजा गर्ने परम्परा औंल्याएका छन् । २०७८ को जनगणनाअनुसार यहाँ हिन्दु धर्मावलम्बी ४७ प्रतिशत, बौद्धमार्गी ५१ प्रतिशत र क्रिश्चियन धर्मावलम्बी २ प्रतिशत रहेको तथ्यले पनि सांस्कृतिक-धार्मिक बहुलतालाई पुष्टि गर्छ । सहभागी ३ ले स्याक्पालदेवीसँग जोडिएको मगर जातिको ऐतिहासिक बसाइँसराइसम्बन्धी किंवदन्ती सुनाउँदै विगतको सांस्कृतिक तहलाई पनि उजागर गरेका छन्, जसले यस क्षेत्रको सांस्कृतिक स्तरीकरण समयक्रममा परिवर्तन हुँदै आएको सङ्केत गर्दछ ।

## धार्मिक अवस्था

कलाँती भूमिडाँडाको धार्मिक पहिचान भालेश्वर शिवधाम र पाँच देवी मन्दिरहरूमा केन्द्रित रहेको सबै सहभागीको साझा भनाइ हो । सहभागी ६-जो भालेश्वर मन्दिरका गुठियार परिवारका सदस्य हुन् – उनका अनुसार उनका पुर्खाले नै गुठी सञ्चालन गरी मन्दिरको पूजा व्यवस्थापन गर्दै आएका थिए; रोशी खोलाको शिरमा वैरा महादेव र पुछारमा भालेश्वर महादेवले यस क्षेत्रको रक्षा गरेको जनविश्वास रहेको सहभागी ७ बताउँछन् । हिमवत्खण्डको सन्दर्भ अनुसार भालेश्वर शिवलिङबाट महादेव उत्पत्ति भएको र सतीदेवीको निधार (भाल) यहीं ढलेकाले 'भालेश्वर' नाम रहन गएको पौराणिक विश्वास उल्लेख गरिएको छ । श्रावण महिनामा मात्रै पाँच हजारभन्दा बढी भक्तजन यहाँ आउने गरेको सहभागी २ र सहभागी ३ ले जनाएका छन् । पञ्चकन्या देवी (खारखोला), इन्द्रादेवी (सीमपानी), सेतीदेवी (बादलपाखा), कालीदेवी (गागल) र स्याक्पालदेवी (चिसापानी) गरी पाँचओटा देवी मन्दिर तथा हालै निर्मित आदित्य मोक्षधामले यस क्षेत्रलाई पवित्र बनाएको सहभागी ७ र सहभागी ३ बताउँछन् । आदित्य मोक्षधाममा साप्ताहिक रूपमा पाँच हजारभन्दा बढी भक्तजन आउने तथ्याङ्क सहभागी ३ ले दिएका छन् । सहभागी ५ ले इन्द्रादेवीलाई सिङ्गो कलाँती भूमिडाँडाको रक्षक देवीका रूपमा मानिने स्थानीय विश्वास उल्लेख गरेका छन् । यसबाहेक पाल्मोथाङ गुम्बा (भूमिडाँडा), डिमाटासि भ्याम्लिङ गुम्बा (गागल) र छोर्तेन गुम्बा (सीमपानी) गरी तीनओटा बौद्ध गुम्बाले पनि यस क्षेत्रको धार्मिक बहुलतालाई प्रतिनिधित्व गर्छन्, जुन ल्होसार र बुद्धजयन्तीमा विशेष मेला लाग्ने स्थान समेत हुन् भनी सहभागी १, सहभागी २ र सहभागी ६ ले उल्लेख गरेका छन् ।

## आर्थिक अवस्था

आर्थिक दृष्टिले कलाँती भूमिडाँडाका बासिन्दा मुख्यतः निर्वाहमुखी कृषि र पशुपालनमा आश्रित रहेको सहभागी ४ र सहभागी २ ले बताउँछन् । धान, मकै, गहुँ, आलु मुख्य खाद्यबाली भए पनि उर्वर जमिनको अभावले उत्पादन सीमित रहेको देखिन्छ । सहभागी २ का अनुसार यहाँ करिब ४०० भैंसी र ३०० गाई बिमा गरी पालिएका छन् भने साना-ठूला गरी करिब १०० पसल सञ्चालनमा छन् । यहाँ उत्पादित दूध काठमाडौं उपत्यकामा निर्यात हुने गरेको तथ्य पनि उनले औंल्याएका छन् । सहभागी ६ ले जडीबुटी, खानी

र पानी प्रशस्त भए पनि तिनको उपयोग पक्ष अझै कमजोर रहेको बताउँछन् । ढुङ्गा-ऋसर उद्योग यस क्षेत्रको अर्को आम्दानीको स्रोत हो; पहिला सातओटा रहेकोमा हाल चारओटा मात्र सञ्चालनमा रहेका र ती उद्योगले करिब ५० जना स्थानीयलाई रोजगारी दिइरहेका सहभागी २ ले जनाएका छन्, यद्यपि सहभागी १ का अनुसार यी उद्योगले नदी किनारको जैविक विविधतामा असर पारेको छ । सहभागी ५ ले नारी चेतना केन्द्र, ज्योति मिर्मिरे, बिन्ध्यवासिनी र जागृत कुशादेवीजस्ता सहकारी संस्थाले पुँजी परिचालनमार्फत आर्थिक विकासमा सघाइरहेको बताएका छन् । वैदेशिक रोजगारी युवाहरूको प्रमुख आयस्रोत बनेको र महिलाहरू कृषि मजदुरी तथा भारोपर्मबाट आयआर्जन गर्ने गरेको सहभागी ४ र सहभागी ७ ले उल्लेख गरेका छन् । समग्रमा खानी र पानीमा सम्पन्न देखिए पनि यसलाई स्थानीय जीवनस्तरसँग प्रभावकारी रूपमा जोड्न नसकिएको साझा गुनासो सहभागीहरूको छ ।

## पर्यटकीय अवस्था र सम्भावना

पर्यटनका दृष्टिले कलाँती भूमिडाँडा सम्भावनायुक्त क्षेत्र हो तर हालसम्म अनुपयोगी क्षेत्रका रूपमा रहेको सबै सहभागीको साझा बुझाइ हो । सहभागी ६ र सहभागी ३ का अनुसार अमिलचौरको उचाइबाट सूर्योदय र हिमशृङ्लाको दृश्यावलोकन गर्न सकिन्छ भने पञ्चकन्या झरनामा वर्षायाममा हजारौं आन्तरिक पर्यटक पुग्ने गरेका छन् । सहभागी २ का अनुसार पञ्चकन्या झरना हेर्न मासिक करिब १००० जना आउने गर्दछन् र यसबाट करिब १५ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । पञ्चकन्या ट्राउट फार्म एन्ड मिनि रिसोर्ट र मगरगाउँ होमस्टेले हाल पर्यटकलाई सेवा दिइरहेका छन्, तर सङ्गठित र संस्थागत यातायातको अभावले बाह्य पर्यटकको आगमन न्यून रहेको सहभागी १, सहभागी २ र सहभागी ५ ले औंल्याएका छन् । रक क्लाइम्बिङ, प्याराग्लाइडिङ, जङ्गल पदयात्रा र कृषि-पर्यटन (कालिज फार्म, मृगपालन, बँदेल संरक्षण) जस्ता सम्भावनायुक्त क्षेत्र पहिचान भए पनि पूर्वाधार विकास नभएकाले यी योजना कार्यान्वयनमा आउन सकेका छैनन् भनी सहभागी ५ र सहभागी ४ ले जोड दिएका छन् । इन्द्रादेवी र स्याक्पालदेवीसम्म पुग्ने पदमार्ग तथा सिँढी निर्माणको काम अगाडि बढिरहेको र गुम्बा एवं झरनाहरूको पुनर्निर्माण आरम्भ भइसकेको सहभागी ४ ले बताएका छन्, जसले आन्तरिक पर्यटनमा सकारात्मक सङ्केत दिन्छ । समग्रमा सडकमार्ग, यातायात, सञ्चार र भौतिक पूर्वाधारमा लगानी विस्तार गरी धार्मिक र साहसिक पर्यटनलाई प्रवर्द्धन गर्न सके यस क्षेत्रको आर्थिक आम्दानीमा उल्लेख्य बढोत्तरी हुन सक्ने साझा निष्कर्षमा सबै सहभागी पुगेका छन् ।

## निष्कर्ष

पनौती नगरपालिकाको वडा नं. १२ कलाँती भूमिडाँडा भौगोलिक रूपमा विकट र ग्रामीण वडा हो । जमिन र खाद्य उत्पादनका दृष्टिले कमजोर भए पनि यो वडा खानी र पानीमा धनी छ; सम्भवतः पनौती नगरपालिकाको आम्दानीमा यस वडाको योगदान अग्रणी रहेको छ । सात जना सहभागीबाट प्राप्त वर्णनहरूको विषयगत विश्लेषणले कलाँती भूमिडाँडाको प्राकृतिक सौन्दर्य, सांस्कृतिक बहुलता र धार्मिक महत्वलाई पुष्टि गरेको छ भने आर्थिक र पर्यटकीय दृष्टिले प्रचुर सम्भावना भए पनि पूर्वाधारको अभावले यी सम्भावना अझै उपयोगमा आउन नसकेको देखाएको छ । नगरपालिका र वडा सरकारले बजेट व्यवस्थापन गरी स्याक्पालदेवी र इन्द्रादेवी मन्दिरसम्म पुग्न सिँढी तथा छोटो पदमार्ग निर्माण गर्नु आवश्यक देखिन्छ भने ङिमाटासि झ्याम्लिङ गुम्बा (गागल), पाल्मोथाङ गुम्बा (भूमिडाँडा) र झ्याङझुप छोर्तेन गुम्बा (सीमपानी) नवीन जीर्णोद्धार र व्यवस्थित संरक्षणको पर्खाइमा रहेकाले तिनको संरक्षण र प्रचारमा ध्यान दिनु आवश्यक छ । यी संरचनाको प्रचार-प्रसार र सहज पहुँच सुनिश्चित गर्न सके आन्तरिक पर्यटनमा उल्लेख्य बढोत्तरी ल्याउन सकिन्छ । अतः कलाँती भूमिडाँडाको प्राकृतिक सौन्दर्य दृश्यावलोकन, साहसिक र धार्मिक

पर्यटन प्रवर्द्धनका लागि पनौती नगरपालिका र वडा सरकारले ढिलो नगरी गुरुयोजना बनाई आवश्यक कदम चाल्नु आवश्यक देखिन्छ ।

## सन्दर्भ सामग्री


ज्ञानेश्वर भट्टराई, बृहत् ज्ञानकोश, २०६२, आशिष पुस्तक भण्डार, काठमाडौं ।

पुण्यवती जर्नल, भोल्युम १, २०२५, अधिकारी परशुराम, माया, पृष्ठ ७९-८८, इन्द्रेश्वर क्याम्पस, पनौती ।

पनौती नगरपालिका, वार्षिक बजेट, नीति तथा कार्यक्रम, २०८०/०८१ ।

देवमाला वंशावली, २०७९, योगी सिंहनाथ, प्रकाशक ।

श्रेष्ठ, लक्ष्मण (२०२२), हिस्टोरिया, भोल्युम १४, पृष्ठ ६८-८२ ।

Creswell, J.W. & Creswell, J. D. (2018). Research Design: Qualitative, Quantitative, and Mixed Methods Approaches. SAGE, Publications.


~O~